# संघीय संसद
# प्रतिनिधि सभा
छैठौं अधिवेशन
बैठक संख्या - ९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ ६ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १२:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले सम्माननीय राष्ट्रपति महोदयले २०७७ जेठ २ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि प्रतिनिधि सभामा भएको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको जवाफका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री सञ्जय कुमार गौतम
४. मा० श्री लक्ष्मी परियार
५. मा० श्री सुजाता परियार
६. मा० श्री रंगमती शाही
७. मा० श्री रामबहादुर विष्ट
८. मा० श्री ज्ञानेन्द्रबहादुर कार्की
९. मा० श्री मिनबहादुर विश्वकर्म
१०. मा० श्री सत्यनारायण शर्मा खनाल
११. मा० श्री दिलेन्द्र प्रसाद बडू
१२. मा० श्री भरत कुमार शाह
१३. मा० श्री मिना सुब्बा
१४. मा० श्री डिला सँग्रौला (पंत)
१५. मा० श्री पुष्पा भुसाल (गौतम)
१६. मा० श्री उमा रेग्मी
१७. मा० श्री प्रमिला राई
१८. मा० श्री हिरा गुरुङ्ग
१९. मा० श्री गगन कुमार थापा
२०. मा० श्री पार्वता डि.सी. (चौधरी)
२१. मा० श्री दुर्गा पौडेल
२२. मा० श्री दिव्यमणि राजभण्डारी
२३. मा० श्री प्रदिप गिरी
२४. मा० श्री विमला नेपाली
२५. मा० श्री प्रदिप यादव
२६. मा० श्री देवेन्द्रराज कंडेल
२७. मा० श्री उमाकान्त चौधरी
२८. मा० श्री भिमसेनदास प्रधान
२९. मा० श्री महिन्द्र राय यादव
३०. मा० श्री टेकबहादुर बस्नेत
३१. मा० श्री तेजुलाल चौधरी
३२. मा० श्री महेन्द्र कुमारी लिम्बु
३३. मा० श्री राजेन्द्र कुमार के.सी.
३४. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३५. मा० श्री कृष्णगोपाल श्रेष्ठ

तत्पश्चात सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीले उक्त स्पष्टीकरणको क्रममा उठेका प्रश्नहरुको सम्बन्धमा स्पष्ट गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तदुपरान्त आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिका एकल एवं संयुक्त संशोधनकर्ता निम्नलिखित मा० सदस्यहरुले आफ्नो संशोधन फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री सरिता गिरी

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपति महोदयले २०७७ जेठ २ गते शुक्रबार संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" लाई अस्वीकार गर्ने सूचना प्राप्त नभएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्बाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" सभाबाट स्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९३ बमोजिम मिति २०७७ वैशाख २६ गते सभामा पेश भएको "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" र "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" का सम्बन्धमा सभामा थप कुनैपनि कारवाही गरीरहनु नपर्ने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७७ साल जेठ १३ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव